# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क ९, २०७५ पुस Year 6, Issue 9, Dec.-Jan 2018/19


## राजस्व संकलनमा २१.६६ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५।७६ को लागि यस विभागलाई रु. ४०४ अर्ब २२ करोड राजस्व संकलनको लक्ष्य तोकिएको छ । सो मध्ये श्रावणदेखि पौषसम्म छ महिनाको लागि रु. १८४ अर्ब ३७ करोड लक्ष्य रहेकोमा रु. १६३ अर्ब ७ करोड संकलन भई लक्ष्यको तुलनामा ८८.४५ प्रतिशत संकलन भएको छ । गत आर्थिक वर्षको यसै अवधिको राजस्व संकलनको तुलनामा उक्त असूली रु. २९ अर्ब ३ करोड अर्थात २१.६६ प्रतिशतले बढी हो ।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. १०३ अर्ब ३१ करोड

बाँकी पृष्ठ ३ मा

## आन्तरिक राजस्व कार्यालय, नेपालगंजको नवनिर्मित भवन उद्घाटन



आन्तरिक राजस्व कार्यालय, नेपालगंजको समुद्घाटन गर्नुहुदैं मा. अर्थ मन्त्री डा. युवराज खतिवडा

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाद्वारा २०७५ पौष ७ गते एक समारोहका बीच आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जको नवनिर्मित भवनको औपचारिक समुद्घाटन सम्पन्न भएको छ ।

सो अवसरमा अर्थ मन्त्री खतिवडाले करदातालाई अपराधी सरह व्यवहार गर्ने मनसाय सरकारको नरहेको र त्यस किसिमका कार्यहरु समेत नभएको भन्दै उद्योगी, व्यवसायीहरुलाई निर्धक्क भएर काम गर्न आग्रह गर्नु भयो । अर्थ मन्त्री खतिवडाले राज्यले करदातालाई सम्मानजनक व्यवहार गर्नुपर्ने र करदाताले पनि आफ्नो नागरिक दायित्वलाई वहन गर्नुपर्ने तर्फ जोड दिनु भयो । उहाँले भन्सार व्यवस्थापनको माध्यमबाट कर र भन्सार संग जोडिएका समस्याहरु हल भएर जाने बताउनु भयो ।

बाँकी पृष्ठ ३ मा....

### यसभित्र


मदिराजन्य उद्योगी व्यवसायीसँग अन्तरक्रिया — पृष्ठ ५

एकिकृत कर संहिता (Single Tax Code) को मस्यौदामा पृष्ठपोषणका लागि छलफल — पृष्ठ ८

परिपत्रहरू — पृष्ठ १०

# महानिर्देशकको सन्देश



**राजस्व संकलनमा भएको योगदानका लागि करदाताहरू एवं लक्ष्य बमोजिम प्रगति हासिल गर्न सफल भएका कार्यालयहरूलाई धन्यवाद दिन चाहन्छु । वार्षिक लक्ष्य बमोजिम राजस्व असुली हुन नसकेका कार्यालयहरूले वस्तुनिष्ठ कार्ययोजना बनाई कर कानूनमा निर्दिष्ट भएका सबै ब्यवस्थाहरूको प्रयोग गरी कर कानूनको परिपालना गराउने, बक्यौता असूली गर्ने र आगामी अवधिको लक्ष्य प्राप्तिमा थप क्रियाशिलता देखाई राजस्व संकलन लगायत अन्य कार्यगत परिसूचकहरूको वार्षिक लक्ष्य हासिल गर्न निर्देश गर्दछु ।**

कर प्रशासनलाई आधुनिक, स्वच्छ, व्यावसायिक, मितव्ययी र करदातामैत्री बनाउदै प्रभावकारी सेवाको माध्यमबाट स्वेच्छिक कर सहभागिता वृद्धि गरी अधिकतम राजस्व परिचालन गर्ने ध्येय आन्तरिक राजस्व विभागको रहेको छ। कर प्रशासनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाई करदाताहरुमा सहज कर तिर्ने बानीको विकास गराउनु हाम्रो दायित्व र आम जनमानसको चाहना समेत हो ।

हामीले आर्थिक वर्ष २०७५/७६ को पहिलो छ महिना पूरा गरिसकेका छौं । यस अवधिमा विगत वर्षको सोही अवधिको तुलनामा २१.५ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएका छौं । विगतको सोही अवधिको तुलनामा राजस्वमा वृद्धिको अवस्था राम्रो छ तापनि चालू वर्षको लक्ष्य अनुसार प्रगति भने हासिल गर्न सकिएको छैन। राजस्व संकलनमा भएको योगदानका लागि करदाताहरु एवं लक्ष्य बमोजिम प्रगति हासिल गर्न सफल भएका कार्यालयहरुलाई धन्यवाद दिन चाहन्छु । वार्षिक लक्ष्य बमोजिम राजस्व असुली हुन नसकेका कार्यालयहरुले वस्तुनिष्ठ कार्ययोजना बनाई कर कानूनमा निर्दिष्ट भएका सबै व्यवस्थाहरुको प्रयोग गरी कर कानूनको परिपालना गराउने, बक्यौता असूली गर्ने र आगामी अवधिको लक्ष्य प्राप्तिमा थप क्रियाशिलता देखाई राजस्व संकलन लगायत अन्य कार्यगत परिसूचकहरुको वार्षिक लक्ष्य हासिल गर्न निर्देश गर्दछु ।

करदाताको स्वयं कर सहभागिता अभिवृद्धि गरी कर परिपालनाको लागतमा कमी ल्याउने तथा व्यावसायिक (Professional) ढंगले सेवा प्रवाह गरी गुणस्तरीय सेवाको सुनिश्चितताबाट समग्र कर प्रशासनप्रति सरोकार राख्ने आम जनमानसमा यस विभागको गरिमा उच्च बनाउन सकारात्मक एवं सहयोगी व्यवहार प्रदर्शन गर्न हामी सदैव क्रियाशील छौं । तथापि कानूनले गरेका व्यवस्थाहरुको परिपालनामा उदासीनता देखाइ नियमित रुपमा कर कानूनको परिपालनामा अटेर गर्ने, विवरण तथा कर नबुझाइ लामो समय देखि बक्यौता राख्ने, वास्तविक कारोवार नदेखाई कर छली गर्ने जस्ता कानूनले निषेध गरेका कार्य गर्ने करदाताहरुको सूचना तथा तथ्यांक विश्लेषण गरी छानविन परीक्षण एवं अनुसन्धान लगायत कानूनी कारवाही गरिनेछ ।

तसर्थ कर कानूनको परिपालना नगरी अटेर गर्ने करदाताहरु पहिचान गरी हदैसम्मको कानूनी कारवाही प्रकृया अगाडि बढाउन विभाग अन्तर्गतका सबै कार्यालय एवं कर अधिकृतहरुलाई निर्देश गर्दछु। यसका साथै कर कानूनको पूर्ण कार्यान्वयन र पालनामा उद्योगी, व्यवसायी, पेशाकर्मीलगायत सम्पूर्ण सरोकारवाला पक्षले आआफ्नो क्षेत्रवाट सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा गर्दछु ।

धन्यवाद !!

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, पौष**

# आन्तरिक राजस्व कार्यालय....

साथै आन्तरिक राजस्व कार्यालयको नवनिर्मित भवनबाट करदाताहरुले सहज रुपमा सेवा पाउने र कार्यालयको कार्यसम्पादनमा समेत प्रभावकारीता आउने विश्वास व्यक्त गर्नु भयो । सोहि समारोहमा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कर प्रशासन करको दर नभै करको दायरा बढाउनेतर्फ केन्द्रित रहेको र सोहि बमोजिमको योजना एवं रणनीति तयार गरी अघि बढिरहेको बताउनु भयो । उहाँले राज्यले करदाताबाट कर संकलन गर्दा करदातालाई कर तिर्न कुनैपनि किसिमको झन्झट व्यहोर्नु नपर्ने गरी प्रकृया सरलीकृत गर्दै लगिएको बताउनु भयो । करदातालाई कर प्रशासनवाट उपलब्ध गराउने सुविधाहरु बढाउदै लगिएको र यो नवनिर्मित भवनसमेत त्यसैको उदाहरण भएको बताउनु भयो। सो समारोहमा उद्योगी व्यवसायीका तर्फबाट बोल्नु हुँदै नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल बैश्यले भन्सार प्रशासनका केहि जटिलता र बैंकको अस्थिर ब्याजदरले व्यवसायीहरुलाई मर्का परेको भन्दै त्यसको समाधानका लागि आग्रह गर्नु भयो । कार्यक्रममा उपस्थित महानुभावहरुलाई स्वागत गर्दै आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत प्रकाश पौडेलले सचेत करदाता, सरल र सहज कर प्रणाली एवं सुदृढ कर प्रशासन नै दिगो राजस्व परिचालनका आधार भएको वताउनु भयो । साथै करदाताहरुलाई कार्य प्रक्रिया, करदाता शिक्षा एवं सचेतना र भौतिक कार्य वातावरणमा कर प्रशासनवाट सहजिकरण हुनु पर्दछ भन्ने मान्यता कर प्रशासनको रहेको वताउदै यस नवनिर्मित सुविधायुक्त भवनवाट भौतिक कार्य वातावरणमा सहजिकरण भई करदाताहरुलाई अझ बढि सहजरुपमा सेवा उपलब्ध गराउन कार्यालय प्रतिवद्ध रहेको बताउनु भयो।

# राजस्व संकलनमा ...

लक्ष्य रहेकोमा रु. ८७ अर्व ५८ करोड संकलन भई लक्ष्यको तुलनामा ८४.७७ प्रतिशत प्रगति हासिल भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु. ४६ अर्व ९२ करोड लक्ष्य रहेकोमा रु. ३९ अर्व ७५ करोड संकलन भइ ८४.७१ प्रतिशतको प्रगति हासिल भएको छ। अन्तःशुल्कतर्फ रु. ३३ अर्व ७५ करोड संकलन भएको छ जुन रु. ३३ अर्व ९७ करोड लक्ष्यको १००.६६ प्रतिशत हुन आउँछ। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. ३७ करोड लक्ष्यमा रु. ६० करोड संकलन भई लक्ष्यको तुलनामा १६२.९८ प्रतिशत प्रगति भएको छ ।

| शीर्षक | गत वर्षको यस अवधिसम्मको प्रगति | २०७५/७६ को पौषसम्मको | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| आयकर | ६२५५४६२० | ९४८७५५४१ | ७६५२०४४८ | ८०।६५ | २२. ३३ |
| बहालकर | २३७४६२३ | ० | १७२२३१८ | | |
| ब्याजकर | ७१०९२७७ | ८४४२९५५ | ९३४१०९० | ११०।६४ | ३१. ३९ |
| जम्मा आयकर | ७२०३८५२० | १०३३१८४९६ | ८७५८३८५६ | ८४।७७ | २१. ५८ |
| मूल्य अभिवृद्धि कर | ३४७८४९९७ | ४६९२९७३३ | ३९७५२७५७ | ८४।७१ | १४. २८ |
| अन्तःशुल्क | २६१५१७०२ | ३३७५४९३० | ३३९७९१८३ | १००।६६ | २९. ९३ |
| स्वास्थ्य सेवा शुल्क | ६२४७०० | ० | ११५९०५८ | | ८५. ५४ |
| शिक्षा सेवा शुल्क | ४४९३६२ | ३७०८६३ | ६०४४३२ | १६२।९८ | ३४. ५१ |
| जम्मा | १३४०४९२८१ | १८४३७४०२२ | १६३०७९२८६ | ८८।४५ | २१. ६६ |

# ठूला करदाता कार्यालयका अधिकृतहरुका लागि विभिन्न विषयमा तालिम सम्पन्न



आन्तरिक राजस्व विभागले GIZ Revenue Administration Support (RAS) Project को सहयोगमा ठूला करदाता कार्यालयका अधिकृतहरुलाई लक्षित गरी स्थायी संस्थापन (Permanent Establishment), कर मुक्ति विरुद्धको सामान्य नियम (General Anti Avoidence Rule) र नियन्त्रणमा परिवर्तन (Change in Ownership) विषयमा १० (दश) दिने तालिम सम्पन्न गरेको छ । निरन्तर रुपमा आवश्यकतामुखी तालिमका माध्यमबाट कर्मचारीको सीप र क्षमतामा अभिवृद्धि गर्ने विभागीय नीति अनुरुप २०७५ मंसिर २१ गतेदेखि २०७५ पौष ३ गतेसम्म ठूला करदाता कार्यालयमा संचालित उक्त तालिममा सो कार्यालयका प्रमुख कर अधिकृत र कर अधिकृतहरु गरी जम्मा २८ (अट्ठाइस) जना अधिकृतहरुको सहभागिता रहेको थियो । कार्यक्रमको समापन विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले गर्नु भयो । सो अवसरमा बोल्दै महानिर्देशक नेपालले समग्र राजस्व प्रशासनमा परिणाममुखी र सकारात्मक सुधार ल्याउन आन्तरिक राजस्व विभागद्वारा समय समयमा विभिन्न प्रकारका तालिमहरु प्रदान गरिदै आएको बताउँदै तालिममा प्राप्त गरेको ज्ञान र सीपलाई कार्यसम्पादनका बखत उपयोग गर्न सहभागीहरुलाई आग्रह गर्नुभयो । तालिमले कर्मचारीको दक्षतामा अभिवृद्धि ल्याई सोको प्रभाव समग्र संगठनको उत्पादकत्व र नतिजामूखी कार्यसम्पादनमा देखिनुपर्ने कुरामा जोड दिदैं महानिर्देशक नेपालले विभागको उद्देश्य हासिल गर्नका लागि दत्तचित्त भएर कार्य गर्न कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो ।

## आन्तरिक राजस्व कार्यालय,ललितपुर २ खुल्ने सम्वन्धी जरूरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५।०३।२० को निर्णय अनुसार खुलेको आन्तरिक राजस्व कार्यालय ललितपुर-२ मिति २०७५ माघ १ गतेदेखि ललितपुर जिल्लाको लगनखेलमा रहेको संचयकोष भवनको पांचौं तल्लामा स्थापना भई संचालनमा आउने भएकाले देहाय बमोजिमको कार्यक्षेत्र भित्र पर्ने करदाताहरूले करसंग सम्बन्धित सबै सेवाहरू उक्त कार्यालयवाट लिन हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

ललितपुर महानगरपालिका वडा नं.६, ७, ८, ९, १२, १४, १५, १६, १७, २३, २४, २६, २७, २८, र २९ तथा गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गांउपालिका, बागमती गांउपालिका र महांकाल गांउपालिका ।

# कम्पनी तथा अन्तराष्ट्रिय व्यापार लेखा सम्बन्धी तालिम सम्पन्न



आन्तरिक राजस्व विभाग GIZ RAS Project को सहयोगमा मिति २०७५ पुस १० देखि १६ गतेसम्म छ दिन कम्पनी तथा अन्तराष्ट्रिय व्यापार लेखा (Company and International Trade Accounting) विषयक तालिम सम्पन्न भएको छ । आन्तरिक राजस्व प्रशासनको समग्र क्षमता अभिवृद्धिका लागि विविध प्रकारका तालिम सञ्चालन गर्दै आइरहेको विभागले नेपाल वित्तीय प्रतिवेदन मान लागू भएको अवस्थामा सो मान लागू गर्दा कम्पनीहरुले तयार गर्नुपर्ने वित्तीय विवरण, उक्त विवरणहरुमा समावेश गर्नुपर्ने विविध विषयहरुको र सोबाट कर प्रशासनमा पर्न सक्ने प्रभावका बारेमा जानकारी गराउन उक्त तालिम सञ्चालन गरिएको थियो । सो तालिममा ठूला करदाता कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय र उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालयहरुका ३० जना कर अधिकृतहरुको सहभागिता रहेको थियो । कार्यक्रमको समापन विभागका उप महानिर्देशक यज्ञ प्रसाद ढुंगेलले गर्नुभयो । उक्त अवसरमा विभागबाट आगामी दिनमा पनि यस्तै प्रकारका तालिम कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिने जानकारी गराउँदै तालिमा सिकेको ज्ञान भावी दिनमा कार्यसम्पादन गर्दा प्रयोग गर्ने कुरामा सजग रहन सहभागीहरुलाई निर्देशन दिनुभयो ।

# मदिराजन्य उद्योगी व्यवसायीसँग अन्तरक्रिया

आन्तरिक राजस्व कार्यालय, भैरहवा, आन्तरिक राजस्व कार्यालय कृष्णनगर तथा आन्तरिक राजस्व कार्यालय बुटवल अन्तर्गतका मदिराजन्य उद्योगी व्यवसायीहरुसँग २०७५ पौष १४ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

आन्तरिक राजस्व कार्यालय, भैरहवाको सभाहलमा आयोजित कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले कर प्रणाली मात्र नभई समग्र व्यवसाय सुधार गर्न समेत विभाग क्रियाशिल रहेको बताउनु हुँदै व्यवसायीहरुलाई ईमान्दार भई पेशागत भूमिका निर्वाह गर्न आग्रह गर्नु भयो । अभिलेख व्यवस्थापनमा हुने कमजोरीका कारण उद्योग व्यवसाय धरासायी हुने अवस्था आउने हुनाले अभिलेख अद्यावधिक गर्नुपर्ने कुरामा जोड दिनुभयो । आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) मजबुत र सक्षम बनाउन निर्देशन दिनुहुँदै महानिर्देशक नेपालले विद्यमान नीति, निर्देशिका बमोजिम पारदर्शी ढंगले व्यवसाय गरेमा कर प्रशासन सधैं सहयोगीको भूमिकामा रहने बताउनुभयो ।

Excise Automation System का साथै अन्त:शुल्क निर्देशिकाले व्यवस्था गरेका नविन विषयहरु जस्तै: २०७५ चैत्र मसान्तभित्र ब्राण्ड (ट्रेडमार्क) स्विकृती प्रमाणपत्र पेश गरिसक्नुपर्ने, उद्योग प्रतिष्ठानमा IP Camera जडान गरिसक्नुपर्ने, वाइन उद्योगहरुले फर्मेन्टेसन गर्न प्लाष्टिकको ड्रमको सट्टामा स्टिल अथवा काठको ट्याङ्कको उपयोग अनिवार्य गर्नुपर्ने लगायत अन्य समसामयिक विषयहरुमा जानकारी गराउने उद्देश्यले बुटवल, भैरहवा तथा कृष्णनगर क्षेत्रका मदिरा उद्योग प्रतिष्ठानका संचालकहरुसंग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

सोही सिलसिलामा आन्तरिक राजस्व विभाग तथा सम्वन्धित आन्तरिक राजस्व कार्यालय समेतको संयुक्त टोलिबाट अन्त:शुल्कजन्य वस्तु उत्पादन गर्ने उद्योगहरुको निरीक्षण समेत गरियो ।

# आर्थिक ऐन, २०७५ ले प्रदान गरेका छुट सुविधाको प्रगति विवरण

करदाताको स्वयं कर सहभागिता अभिवृद्धि गर्ने अभिप्रायले विगतमा विविध कारणवश करको दायरामा नआएका र करको दायरामा आए पनि समयमा कर विवरण नबुझाएका करदाताहरुका लागि आर्थिक ऐन, २०७५ ले यसै वर्षको पौष मसान्तसम्मको समयावधी दिई विभिन्न छुट सुविधाहरु (scheme) को घोषणा गरेको थियो। उक्त छुट सुविधाहरुको व्यवस्था र सोमा सहभागिता जनाउने करदाताहरुको विवरण देहाय अनुसार रहेको छ।

आर्थिक ऐन, २०७५ ले कुनै पनि व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज र सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा हुने व्यवस्था गरेकोमा यस अन्तर्गत ९४२१३ करदाता सहभागी भई स्थायी लेखा नम्बर लिएका छन।

त्यसैगरी, करको दायरामा आएका तर आर्थिक वर्ष २०७२/०७३ वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७१/७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने तथा सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने व्यवस्था अन्तर्गत ५२४८२ करदाताले सो सुविधाको उपयोग गरेका छन्। त्यस्तै, सम्बत २०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर रकम सम्वत २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने व्यवस्थामा ३५३०० करदाता सहभागी भएका छन।

संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरुले आर्थिक वर्ष २०७४/७५ को आय विवरण तथा सो अनुसार लाग्ने कर सम्बत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७४/७५ भन्दा अघिका वर्षहरुको कुनै पनि किसिमको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने व्यवस्था अन्तर्गत ३६८ करदाता सहभागी भएका छन।

यसैबीच, तोकिएको अवधिभित्र सरकारले उपलब्ध गराएको छुट तथा सुविधाको उपयोग गरी कर सहभागिता नजनाउने करदाताहरुउपर कानून बमोजिम छानविन, अनुसन्धान तथा कर परीक्षण गरी कर असुल गरिने व्यवस्था भएकोले जिम्मेवार नागरिकको कर्तव्य पालना नगर्ने तथा करको परिपालनामा समेत अटेर गरी बस्ने करदाताहरुलाई हदैसम्मको कारवाही गर्ने योजना अनुरुप आन्तरिक राजस्व विभागले तयारी शुरु गरेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना।**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# अन्तःशुल्कको स्वचालित प्रणाली सम्बन्धी प्रशिक्षण सम्पन्न

अन्तःशुल्क प्रशासनमा स्टिकरको माग तथा प्रयोगलाई स्वचालित (Online Computerized) प्रणालीबाट सम्पन्न गर्ने साथै कच्चा पदार्थ खरिद अनुमति, उपयोग, उत्पादन एवं निकासी आदि क्रियाकलापहरु समेत स्वचालित प्रणालीबाट नै सम्पन्न गर्ने प्रणाली Excise Automation System सबै उद्योग प्रतिष्ठानहरुमा लागू गर्ने आन्तरिक राजस्व विभागको नीति अनुसार २०७५ पौष १२ र १३ गते आन्तरिक राजस्व कार्यालय बुटवलको सभाहलमा आन्तरिक राजस्व कार्यालय बुटवल, आन्तरिक राजस्व कार्यालय भैरहवा तथा आन्तरिक राजस्व कार्यालय कृष्णनगरका प्रमुख कर अधिकृतहरु, कर अधिकृतहरु तथा सहायक कर्मचारीहरुलाई Excise Automation System का बारेमा तालिम तथा प्रशिक्षण दिईएको थियो। सोही अवधिमा आन्तरिक राजस्व कार्यालय बुटवल र आन्तरिक राजस्व कार्यालय कृष्णनगर अन्तर्गत पर्ने अन्तःशुल्कजन्य उत्पादनसँग सम्बन्धित उद्योग, प्रतिष्ठानका प्रतिनिधिहरुलाई तालिम प्रदान गरिएको थियो भने पौष १४ र १५ गते आन्तरिक राजस्व कार्यालय भैरहवाको सभाहलमा उक्त कार्यालय अन्तर्गतका उद्योगी व्यवसायीहरुलाई तालिम प्रदान गरिएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

**मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरे को अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलिहरु खटाईएको छ । बिक्रेताले विजक जारी गरेको नपाईएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमो जिम कर अधिकृतले प्रत्येक पटक रु ५०००/- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा बिजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरिद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।**

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

## रू. पैंतीस करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई विद्युतीय माध्यमबाट विजक जारी गर्ने सम्बन्धी सूचना

मूल्य अभिबृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) मा रु. पैंतीस करोड भन्दा बढीको कारोवार हुने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्न तथा सोको अभिलेख राख्ने गरी तोकिएकोले सो बमोजिम गर्नहुन जानकारी गराईएको छ ।

# एकिकृत कर संहिता (Single Tax Code) को मस्यौदामा पृष्ठपोषणका लागि छलफल सम्पन्न

आन्तरिक राजस्व संकलन गर्न लागू भईरहेका कर सम्बन्धी विभिन्न कानूनहरुलाई समेटी एकल कर कानून प्रयोगमा ल्याउने उद्देश्यले एकिकृत कर संहिता (Single Tax Code) को तर्जुमा भईरहेको छ । विज्ञ समूहबाट तयार भएको उक्त मस्यौदा उपर आन्तरिक राजस्व विभागका उपमहानिर्देशक (नीति विश्लेषण शाखा) को संयोजकत्वमा गठित समूहले दफावार छलफल गरी प्रारम्भिक मस्यौदाको कार्य अन्तिम चरणमा पुगेको छ ।यस विषयमा जानकारी गराउन तथा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले २०७५ पौष ६ गते आन्तरिक राजस्व विभागको सभाहलमा प्रस्तुतीकरण कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले एकल कर संहिताको औचित्यको जानकारी गराउँदै कार्यक्रमको आरम्भ गर्नु भयो । कार्यक्रममा विभागका उपमहानिर्देशकहरु, निर्देशकहरु, ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक र प्रमुख कर अधिकृतहरु एवं काठमाडौं उपत्यकामा अवस्थित आन्तरिक राजस्व कार्यालयहरुका प्रमुख कर अधिकृतहरुको उपस्थिति रहेको थियो । एकिकृत कर संहिता तर्जुमाका परामर्शदाता डा. रुपबहादुर खड्काले सहभागिहरुसँग संहितामा समावेश गरिनुपर्ने विषयमा आफ्ना सुझाव तथा पृष्ठपोषणको आव्हान गर्दै संहिताको परिचय सहित औचित्य र आवश्यकता, यसको विकासक्रम र तर्जुमाको स्थितिका सम्बन्धमा विश्लेषणात्मक प्रस्तुति गर्नु भयो । सहभागीहरुबाट कर संहिता संक्षिप्त बनाइनु पर्ने, करको शीर्षक अनुसारका म्यानुयलहरु प्रकाशन गरी सरलीकरण गरिनुपर्ने, कर सहभागिता एवं संकलन लागत न्यून गर्नेतर्फ विशेष ध्यान पुर्याउनुपर्ने, राजस्व प्रशासनमा प्रयोगमा रहेको प्रणाली, कार्यरत जनशक्ति तथा सेवाग्राहीमा अन्यौलता नआउने वातावरण सुनिश्चित हुनु पर्ने र प्रचलित कानूनहरुको परिपालनामा व्यवहारिक संहिता बनाउंनु पर्ने लगायतका सुझावहरु प्रस्तुत गरेका थिए । डा. खड्काले सहभागिहरुले प्रस्तुत गरेका सुझावहरु सान्दर्भिक रहेको उल्लेख गर्दै मस्यौदा अध्ययन गरी थप सुझावहरुको अपेक्षा सहित सहभागिताको लागि धन्यवाद प्रकट गर्नुभयो । उपमहानिर्देशकद्वय बलराम रिज्याल र यज्ञप्रसाद ढुङ्गेल एवं प्रमुख कर प्रशासकहरु धनीराम शर्मा र झक्क प्रसाद आचार्यले संहिता अन्तिम चरणमा पुग्नु अगाडि कर प्रशासनमा लामो कार्यानुभव भई विज्ञता हासिल गर्नु भएका कर प्रशासनका पदाधिकारीहरुले ठोस रुपमा रचनात्मक एवं व्यवहारिक सुझावहरु तर्जुमा टोली समक्ष आगामी दिनमा समेत प्रदान गर्नको लागि आव्हान गर्नु भयो ।


नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको विक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ । अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौ । कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

# उद्योग वाणिज्य महासंघद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन




साना तथा मझौला करदाताहरूलाई कर सम्बन्धी शिक्षा प्रदान गरी कर कानूनले निर्दिष्ट गरेका व्यवस्थाहरू परिपालना गर्न, करसम्बन्धी फाराममहरू भर्दा हुने त्रुटिहरू कम गर्न तथा कर सहभागितामा व्यवसायीहरूको अभिवृद्धिका लागि आन्तरिक राजस्व विभाग तथा नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा विभिन्न जिल्लामा करदाता शिक्षा कार्यक्रम सञ्चालन भईरहेको छ। चालू आर्थिक वर्षको प्रथम चरणमा विभिन्न सात जिल्ला सुनसरी, सप्तरी, उदयपुर, चितवन, स्याङ्गजा, नवलपरासी र काठमाडौंमा यो कार्यक्रम गर्ने योजना अनुरुप चितवनको रत्ननगरमा आयकर तथा मुल्य अभिबृद्धि कर सम्बन्धी तीन दिने तालिम २०७५ पौष २२ देखि २४ गतेसम्म सम्पन्न भएको छ। रत्ननगर क्षेत्रका व्यवसायी तथा कम्पनीमा कार्यरत लेखापालहरुलाई आयकर तथा मुल्य अभिवृद्धि करको आधारभूत सैद्धान्तिक एवं व्यवहारिक विषयमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रमको तेस्रो दिन आर्थिक ऐन, २०७५ ले प्रदान गरेका छुट तथा सुविधाहरुको बारेमा विस्तृत जानकारी दिइएको थियो।

आन्तरिक राजस्व कार्यालय, भरतपुरका प्रमुख कर अधिकृत शुभप्रसाद रिजालको उपस्थितिमा आयोजित उद्घाटन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघकी वरिष्ठ अधिकृत सिता घिमिरे, GIZ -RAS Project का प्रविधिक सल्लाहकार षडानन्द गुरुङ, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं ३ का कोषाध्यक्ष ज्ञानबहादुर विसुराल, संघका पूर्व अध्यक्ष गोपालराज कर्मचार्यले मन्तव्य राख्नु भएको थियो। प्रशिक्षार्थीको रुपमा रत्ननगर क्षेत्रका व्यवसायीहरु र विभिन्न कम्पनीमा कार्यरत लेखापालहरु समेत गरी उल्लेख्य करदाताहरुको सहभागिता रहेको थियो। सो तालिममा चार्टड एकाउण्टेन्टहरु अनुप कुमार श्रेष्ठ र ज्ञानेन्द्र बहादुर भारीले प्रशिक्षकको रुपमा कार्यक्रमको सहजिकरण गर्नु भएको थियो।

# परिपत्रहरु

श्री ठूला करदाता कार्यालय, ललितपुर । मितिः २०७५/०९/१६
श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।
श्री आन्तरिक राजस्व कार्यालयहरु, सबै ।
श्री करदाता सेवा कार्यालयहरु, सबै ।

**विषयः शून्य दर सम्वन्धमा ।**

आन्तरिक राजस्व कार्यालय, ललितपुरको च.नं.१६२१४ मिति २०७५/०१/२१ को पत्रवाट नेपाल वायुसेवा निगमलाई अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने सामानहरु विक्री गर्दा वायुसेवा कम्पनीले वा उक्त कम्पनीलाई आपूर्ति गर्ने आपूर्तिकर्ताले शून्य दरको सुविधा पाउने हो भन्ने द्विविधाको विषय निर्णयार्थ पेश हुँदा मू.अ.कर ऐन (सं.स.), २०५२ को दफा ७ को उपदफा (२) सँग सम्वन्धित अनुसूची २ को खण्ड (ख) र (ग) बमोजिम नेपाल वाहिर गन्तब्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा नेपाल वाहिर गन्तब्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको वस्तुमा शून्य दर लाग्ने र अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा रहने भनी माग गरे अनुसारको परिमाणमा मात्र आपूर्तिकर्ताले शून्य दरको बीजक जारी गर्न पाउने । अन्तर्राष्ट्रिय उडान गर्ने कम्पनीले शून्य दरमा आपूर्ति भएको वस्तु उडानमा खपत नगरी नेपाल भित्र वा नेपाल भित्रको अन्य उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गरेमा मू.अ.कर ऐन, २०५२ र मू.अ.कर नियमावली, २०५३ अनुसार वायुसेवा कम्पनीलाई मू.अ.कर निर्धारण गरी असुल उपर गर्नुपर्ने भनी मिति २०७५/०९/१३ मा निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**<u>पूँजीगत लाभकर सम्बन्धी संसोधित व्यवस्थाको सूचना</u>**

सामयिक कर असुल ऐन,२०१२ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७५।०२।१५ मा जारी भएको सूचित आदेशले आयकर ऐन,२०५८ को दफा २ को खण्ड (द) को उपखण्ड (४) मा संसोधन गरी कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा नि:सर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन वाहेकका जग्गा, घरजग्गा तथा अन्य निकायमा रहेको हित वा सुरक्षणलाई गैर व्यवसायिक करयोग्य सम्पत्तिको रुपमा परिभाषित गरेकोले मिति २०७५।०४।०१ बाट प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँ वा दश लाख रुपैयाँ भन्दा बढीको जग्गा वा निजी भवन नि:सर्ग हुँदा हुने पूँजीगत लाभमा आयकर ऐन,२०५८ को दफा (९५क.) को उपदफा ( ५) बमोजिम अग्रिम कर असुल हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मितिः२०७५/१०/०२

**विषयः स्थायी संस्थापन (PE) दर्ता सम्बन्धमा ।**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन ।
श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।
श्री आन्तरिक राजस्व कार्यालयहरु, सबै ।
श्री करदाता सेवा कार्यालय, सबै ।

ठूला करदाता कार्यालयको मिति २०७५।५।८ र २०७५।६।२१ को पत्रबाट स्थायी संस्थापनको रुपमा कार्यरत प्राविधिक सेवा वा परामर्शदाताले सेवा उपलव्ध गराइसकेकाको सम्बन्धमा स्थायी लेखा नम्बर लिने र आयविवरण बुझाउने सम्बन्धमा द्विविधा भएको विषय निर्णयार्थ पेश हुँदा बिगतमा सेवा उपलव्ध गराई बाहिरी सकेका र तत्काल नेपालमा कुनै सेवा उपलव्ध नगराउने र काम सकिसकेका स्थायी संस्थापनले सो सेवा उपलव्ध गराएको अवधिको कर तिर्नको लागि स्थायी लेखा नम्बर नलिएको भए लिन नपर्ने र यस्तो कारोवार जुन कम्पनी वा फर्ममा सेवा उपलव्ध गराएको छ सो फर्म वा कम्पनी दर्ता रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा सो कारोबारको म्यानुअल आयविवरण बुझ्ने र बुझाउने व्यवस्था गर्नको लागि परिपत्र गर्ने भनी मिति २०७५/०९/३० मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

## विद्युतीय विजक सम्वन्धी

मुल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४ क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ (४) मा भएको व्यवस्था अनुसार रु. पैतिस करोड भन्दा वढी कारोवार हुने करदाताले २०७५ चैत्र मसान्त भित्र अनिवार्य रुपमा आफुले गर्ने कारोवारमा विद्युतीय माध्यमवाट विजक जारी गर्नु हुन तथा विद्युतीय विजक सम्वन्धी कार्यविधि, २०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट विजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरुले समेत विभागले सुचना जारी गरी तोकेको मिति भित्र विद्युतीय विजक सम्वन्धी कार्यविधि, २०७४ वमोजिमका मापदण्डहरु पुरा गरी पुनः अनुमति लिनु पर्ने समयावधि २०७५ चैत्र मसान्त भित्र तोकिएकोले सो अवधि भित्र विभागको Central Billing Monitoring System -CBMS) संग आवद्ध हुने गरी Software अध्यावधिक गरी विभागमा सुचिकृत गरी सक्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

मितिः २०७५/०९/२६

**विषयः लाभांश कर सम्बन्धमा ।**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन ।
श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।
श्री आन्तरिक राजस्व कार्यालयहरु, सबै ।
श्री करदाता सेवा कार्यालय, सबै ।

ठूला करदाता कार्यालयको च.नं.४१८४ मिति २०७५/०९/०२ को पत्रबाट सानिमा बैंक लिमिटेडमा मिति २०७३/०९/२८ गते बाग्मती डेभलपमेन्ट बैंक गाभिएको हुँदा मर्जरको मितिमा कायम रहेका शेयरधनीहरुले सोही वर्ष प्राप्त गरेको बोनश शेयरमा कर नलागेकोमा उक्त बोनश शेयरले आ.व.२०७४/७५ मा प्राप्त गर्ने नगद लाभांशमा कर लाग्ने वा नलाग्ने भन्ने द्विविधाको विषय निर्णयार्थ पेश हुँदा सानिमा बैंक लिमिटेडमा बाग्मती डेभलपमेन्ट बैंक मिति २०७३/०९/२८ मा गाभिई कारोवार गरिरहेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ४७ क. को उपदफा (५) मा गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभांशमा कर लाग्ने छैन भन्ने व्यवस्था भएकोले गाभिएको मितिमा कायम रहेको शेयरधनीको कायम रहेको शेयर संख्या मात्रमा कर छुट हुने र गाभिए पछि थप हुन आएको बोनस शेयर वा अरु शेयरमा वितरण हुने लाभांशमा कर छुट नहुने भनी मिति २०७५/०९/२५ मा निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

**कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने सम्बन्धी सूचना**

एक करोड रुपैयाँ भन्दा बढी मूल्यको सवारी साधनको खरिदकर्ताले त्यस्तो सवारी साधन नामसारी गराउँदा अनिवार्य रुपमा कर चुक्ता प्रमाण पत्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पेश गर्नु पर्ने व्यहोरा मिति २०७५।०४।०४ को निर्णयानुसार सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ।

मितिः २०७५/०९/१५

**विषयः स्वास्थ्य संस्थाको मू.अ.कर छुट सम्वन्धमा ।**

श्री ठूला करदाता कार्यालय, ललितपुर ।
श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल ।
श्री आन्तरिक राजस्व कार्यालयहरु, सबै ।
श्री करदाता सेवा कार्यालयहरु, सबै ।

आर्थिक ऐन, २०७५ ले मू.अ.कर ऐन (संशोधन सहित), २०५२ को अनुसूची १ करछुट हुने वस्तु तथा सेवाहरुको समूह ५ मा स्वास्थ्य सेवा मू.अ.कर छुट हुने वस्तु तथा सेवामा समावेश भएकोले मू.अ.करमा दर्ता भएका सेवा प्रदायक संस्था वा व्यक्तिले प्रदान गरेको स्वास्थ्य सेवामा मू.अ.कर नलाग्ने भई मू.अ.कर कट्टी लिएका मौज्दातमा रहेका वस्तु र पूँजीगत सम्पत्ति करयोग्य कारोवारमा प्रयोग हुन छाडेको अवस्थामा सोही ऐनको दफा १७ को उपदफा (४) र दफा ११ को उपदफा (४) अनुसार गर्ने विषयमा र आयकर तर्फ खर्चकट्टी र पूँजीकरण गर्ने सम्वन्धमा देहाय बमोजिम गर्ने गरी स्पष्ट गरिएको व्यहोरा मिति २०७५/०९/१५ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

**मूल्य अभिवृद्धि करको सम्वन्धमा**

(१) मू.अ.कर ऐन (संशोधन सहित), २०५२ को दफा १७ को उपदफा (४) अनुसार मौज्दातमा रहेका करयोग्य बस्तुको तत्काल बजार मूल्यमा (मू.अ.कर नलाग्ने पहिलो मितिमा) विक्री भएको मानी कर असुल गर्ने ।

(२) सोही ऐनको दफा ११ को उपदफा (४) अनुसार पहिले कर कट्टी सुविधा लिई सकेका वस्तु मध्ये दर्ता खारेज हुँदाका बखत मौज्दातमा बाँकी रहेका करयोग्य वस्तु र पूँजीगत सामान समेतको मौज्दातलाई बजार मूल्यमा आपूर्ति गरेको मानी कर निर्धारण गरी असुल गर्ने ।

(३) मू.अ.करमा दर्ता भएका करदाताले स्वास्थ्य सेवा बाहेकको कर लाग्ने कारोवार गर्ने भई दर्ता कायम हुने अवस्था भएमा स्वास्थ्य सेवामा मू.अ.कर लाग्ने अवस्थामा दावी गरेको मूल्य अभिवृद्धि करको सम्वन्धमा माथि १ र २ बमोजिम गर्ने र

(४) स्वास्थ्य सेवा बाहेकको कारोवार गर्ने गरी मू.अ.करमा हुने वा दर्ता कायम रहेको करदाताले मू.अ.कर छुट हुने र नहुने कारोवारको गरेको अवस्थामा मू.अ.कर ऐन, २०५२ को दफा १७ को उपदफा (३) मू.अ.कर नियमावलीको नियम ३९ र ४० र मूल्य अभिबृद्धि कर निर्देशिका (सं.स.२०७३), २०६९ बमोजिम कर कट्टिको सुविधा पाउने ।

(५) स्वास्थ्य सेवामा मू.अ.कर छुट भएकोले मू.अ.कर ऐन २०५२ को दफा १७ को उपदफा ४ र दफा ११ को उपदफा ४ मा उल्लेख भए अनुसार बजार मूल्य गणना गर्ने प्रयोजनका लागि मौज्दातमा रहेका करयोग्य बस्तुको हकमा परल लागत मूल्यलाई साथै भवन एवं यस्तै संरचना र अन्य करयोग्य पूँजीगत सामानको हकमा ह्रास कट्टी गरी २०७४ मसान्तमा बाँकी रहेको मूल्य (Closing Balance), CWIP (Capital Work in Progress) को मूल्य र आ.व. २०७४/७५ को २०७५ जेठ १५ गते सम्मको खरिदको जम्मा मूल्यलाई बजार मूल्य मानेर गणना गर्ने ।

**आयकरको सम्वन्धमा**

(६) माथि बुँदा नं. ५ मा उल्लिखित बजार मूल्यमा गणना हुने मौज्दातमा रहेका करयोग्य बस्तुमा निर्धारण हुने मू.अ.कर रकम नाफा नोक्सान हिसाबमा खर्चको रुपमा दावी गर्न पाउने र मू.अ.कर कट्टी सुविधा लिएका भवन एवं यस्तै संरचना र सम्पत्तिमा रहेको करयोग्य पूँजीगत सामानको मौज्दातमा निर्धारण हुने मू.अ.कर रकमको हकमा सम्वन्धित सम्पत्तिको समूहमा पूँजीकरण गर्ने ।

मितिः २०७५/०९/१५

**विषयः स्वास्थ्य सेवामा मू.अ.कर छुट सम्वन्धमा ।**

श्री ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर ।
श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौं ।
श्री आन्तरिक राजस्व कार्यालयहरु, सबै ।
श्री करदाता सेवा कार्यालयहरु, सबै ।

मू.अ.कर ऐन (संशोधन सहित),२०५२ को अनुसूची (१ करछुट हुने वस्तु तथा सेवाहरुको समूह ५ मा स्वास्थ्यसेवालाई मू.अ.कर छुट हुने वस्तु तथा सेवामा समावेश गरेको हँदा नेपाल सरकारले तोकेको सम्वन्धित परिषद्मा दर्ता भएको चिकित्सक र स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थामा रहेर वा नरहेर वा स्वास्थ्य संस्था मार्फत स्वास्थ्य सेवा लिने सेवाग्राहीलाई प्रदान गरेको सेवा वा परामर्श सेवा स्वास्थ्य सेवा भएकोले यस सेवामा मूल्य अभिवृद्धि कर छुट हुने भन्ने व्यहोराको परिपत्र गर्ने भनी मिति २०७५/०९/१५ मा निर्णय भएको हुँदा यो परिपत्र गरिएको व्यहोरा अनुरोध छ ।

## स्थायी लेखा नम्वर (PAN) लिने र अग्रिम कर कट्टी गरी दाखिला गर्ने सम्वन्धी सूचना

प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीवाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने प्रावधान आयकर ऐन, (संसोधन सहित)२०५८ को दफा ८,८७,८८,८९ र ९५क मा रहेको छ । यी दफाहरूको प्रयोजनको लागि संघ, प्रदेश एवं स्थानीय सरकार, संबैधानिक अंग, सवै तहका अदालत, केन्द्रीय कार्यालयहरू, विभाग, सार्वजनिक संस्थान तथा समितिहरू, बैक तथा वित्तिय संस्थाहरूमा कार्यरत पदाधिकारीहरू तथा कर्मचारीहरूले व्यक्तिगत स्थायी लेखा नम्वर (P-PAN) नलिएका भए अनिवार्य रूपमा स्थायी लेखा नम्वर (P-PAN) लिन लगाउनु हुन र कर कट्टी गरी दाखिला गर्नु पर्ने माथि उल्लेखित निकायहरूले करकट्टी गर्ने निकाय (Withholding Agent) को रूपमा W-PAN नलिएको भए नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयवाट लिइ प्रत्येक महिना समाप्त भएको पच्चीस दिन भित्र नै आयकर ऐन, (संसोधन सहित) २०५८ को दफा ८ बमोजिम रोजगारीवाट भएको आयको गणना गर्दा आयकर नियमावली, (संसोधन सहित) २०५९ को नियम १३ अनुसार सवारी साधन र आवास सुविधा प्राप्त गरेका पदाधिकारीहरू तथा कर्मचारीहरूको आफ्नो परिमाणीकरण एवं चारित्रीकरण समेत गरी हुने रकम समेत आयमा समावेश गरी हुने कर रकम र कर कट्टीको विवरण समेत e-TDS गरी बुझाउनु हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मितिः २०७५/०७/३०

श्री ठूला करदाता कार्यालय,
श्री मध्यमस्तरीय करदाता कार्यालय,
श्री आन्तरिक राजस्व कार्यालय सबै,
श्री करदाता सेवा कार्यालय सबै,

**विषय : शाखा प्रमाणित सम्बन्धमा ।**

फर्म र कम्पनीको शुरु दर्ता गर्ने निकायहरुले शुरु दर्ता गर्दा र दर्ता भएकाहरुले पछि शाखा र विक्री डिपो थप गर्दा स्वीकृति दिने नगरेको सम्वन्धमा विभिन्न आन्तरिक राजस्व कार्यालयहरुबाट शाखा प्रमाणित गर्न द्विविधा भएको भनी जानकारी प्राप्त भएको हुँदा उक्त विषय निर्णयार्थ पेश हुँदा व्यापारिक र सेवाको कारोवार गर्ने व्यक्तिले व्यवस्थापन वा शाखा थप गर्ने आधिकारिक निर्णय सहित शाखा रहने स्थान भएको स्थानीय तहमा शाखा दर्ता भई आएपछि शाखा थप गर्ने सम्वन्धमा देहायका अन्य प्रक्रिया पुरा गरी शाखा प्रमाणितको कार्य गर्ने व्यवस्था हुन मिति २०७५/०७/३० को निर्णयानुसार अनुरोध छ ।

(१) शाखा र बिक्री डिपो रहने स्थान करदाताको आफ्नै स्वामित्वमा भएको वा करदाताले भाडामा लिएको हुनुपर्ने र सोको कागजात संलग्न गर्नुपर्ने ।

(२) मूख्य कारोवार दर्ता रहेको वा उद्योग रहेको मुख्य स्थानबाट कारोवार भई शाखाबाट समेत सम्वन्धित फर्मको कर्मचारीबाटै बिजक जारी गरी कारोवार गर्ने अवस्थामा मात्र शाखा थप गर्ने ।

(३) त्यस्तो स्थानबाट करदाता दर्ता हुँदा वा पछि थप भएको कारोवार मात्र गर्न पाइने । साथै विल आफ्नै नामबाट जारी गर्नुपर्ने ।

(४) शाखा र विक्री डिपो खोल्ने करदाताले शाखा र विक्री डिपोको स्वीकृति लिनु अघि बक्यौता रकम भए दाखिला गरेको हुनुपर्ने ।

(५) शाखा र विक्री डिपोमा सामान स्थानान्तरण गर्दा व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसार सम्वन्धी निर्देशिका पालना गर्नुपर्ने व्यहोराको जानकारी करदातालाई गराउनुपर्ने ।

(६) शाखा र विक्री डिपोको शाखा कायम गर्ने आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयले शाखा र विक्री डिपो रहने स्थानको आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयलाई शाखा र विक्री डिपो कायम गरिएको व्यहोराको जानकारी गराउनुपर्ने ।

(७) शाखा र विक्री डिपो रहने स्थानको आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयबाट उक्त शाखा र विक्री डिपोको दर्ता र कारोवार लगायतको अवस्था हेर्न सक्ने गरी पहुँच दिन सूचना प्रविधि शाखालाई प्रणाली विकास गर्न लेखी पठाउने ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने तरिका

| सि.नं. | के गर्ने | कहाँबाट गर्ने |
|---|---|---|
| १. | www.ird.gov.np मा जाने | Inland Revenue Department (NP) \| https://ird.gov.np |
| २. | Taxpayer portal मा क्लिक गर्ने | Services   Taxpayer Portal |
| ३. | General लाई Expand गरी Taxpayer Login मा क्लिक गर्ने | General / Taxpayer Login |
| ४. | Taxpayer Login गर्न आवश्यक User Credential प्रयोग गरी login गर्ने | स्थायी लेखा नम्बर : 303766436 प्रयोगकर्ताको नाम : 303766436 पासवर्ड : ●●●●●● Login Cancel |
| ५. | Proceed To Payment मा क्लिक गर्ने | Transactions \| ATR \| Proceed To Payment |
| ६. | राजस्व दाखिला गर्ने कार्यालयको सम्बन्धित बैंक छनौट गर्ने | रकम जम्मा हुने बैंक छान्नुहोस * : Everest Bank [11009] |
| ७. | दाखिला गर्ने राजस्व आयकरको किसिम छनौट गर्ने | सि.न. करको प्रकार 1 आय कर |
| ८. | राजस्व शीर्षक छनौट गर्ने | राजस्व शीर्षक 11123 ( आय कर - प्रा. लि |
| ९. | के वापतको भुक्तानी हो सो छनौट गर्ने | बापत अग्रीम कर कट्टी |
| १०. | दाखिला गर्ने रकम उल्लेख गर्ने | राजस्व रकम 100000 |
| ११. | आय वर्ष छनौट गर्ने | आर्थिक वर्ष 2075/076 |
| १२. | आयकर भए टिडिएस हो वा होइन अप्सन छनौट गर्ने | कैफियत टि. डि. एस. छान्नुहोस हो |
| १३. | Generate Transaction Code मा क्लिक गर्ने | GENERATE TRANSACTION CODE |
| १४. | यसरी तयार भएको भौचर प्रिन्ट गरी बैंकमा गई राजस्व दाखिला गर्ने (नगद वा चेक मार्फत भुक्तानी गर्नेको हकमा मात्र) | |
| १५. | विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने Make Payment मा क्लिक गर्ने | Make payment |
| १६. | उपलब्ध Payment Processor को छनौट गर्ने, (हाललाई ConnectIPS) | रकम भुक्तानीको विकल्पहरु connect IPS रकम भुक्तानी गर्नुहोस क्यान्सल गर्नुहोस् |
| १७. | ConnectIPS मा Login गर्ने | Username Type the characters in the image Return Sign In |
| १८. | दाखिला गर्ने राजस्व रकमको पुन रुजु गर्ने | |
| १९. | कुन बैकबाट रकम कट्टा हुने हो सो बैंक छनौट गरी Submit मा क्लिक गर्ने | ACCOUNT DETAILS Debit Account : ramesh.subedi - 0[redacted] Submit |
| २०. | NCHLले उपलब्ध गराएको OTP (One Time Password) टाइप गरी Ok गर्ने | PASSWORD One Time Password One Time Password Re-generate |
| २१. | अब तपाईको भुक्तानी सफल भयो भनेर Debit Success को Page देखा पर्दछ। | STATUS : SUCCESS |
| २२. | यसरी Debit Success भएको कारोबारको राजस्व दाखिला महालेखा नियन्त्रक कार्यालयको नाममा भएको बैंकको खातामा जम्मा भएपछि राजस्व दाखिलाको Credit Success Status देखा पर्दछ। सो को लागि हाललाई करिब ५ मिनेट समय लाग्दछ) | |

आफुले दाखिला गर्न चाहेको कर विवरणहरु मूल्य अभिबृद्धि करको मासिक कर विवरण, आयकर तर्फको (जस्तै अनुमानित आय विवरण, D-01,D-02, D-03, D-04, विवरणहरु) अन्त: शुल्क तर्फको इजाजत थप तथा नविकरण आदी विवरणको फारामहरु भरी दाखिला गर्दा Submit Button or Finalized Button मा क्लिक गरी माथी उल्लेख भए अनुसारको विधिहरु प्रयोग गरी विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिन्छ।

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
विष्णुप्रसाद नेपाल

सल्लाहकार
बलराम रिज्याल
प्रेमशरण श्रेष्ठ
यज्ञ प्रसाद ढुङ्गेल

सम्पादन समूह
सम्झना बराल ढकाल
काशिनाथ भट्टराई
सुनिल कुमार यादव
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।